म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष ११,  अंक ३२९  बिहीबार २३ असार २०७९  ने. सं. ११४२ दिल्लाथ्व  6 July, 2022  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गुडिरहेको मोटरसाइकलमा चट्याङ लाग्दा एक जनाको मृत्यु



हेटौंडा, २२ असार/ मकपानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा गुडिरहेको मोटरसाइकलमा चट्याङ लाग्दा एक जनाको मृत्यु भएको छ ।

बुधबार बागमती गाउँपालिका-४ पाँचपाण्डवमा गुडिरहेको मोटरसाईकलमा चट्याङ लाग्दा मोटरसाईकलमा सवार एक जनाको मृत्यु भएको इलाका प्रहरी कार्यलय फापरबारीका प्रहरी निरीक्षक कमल लुंगेलीले जानकारी दिए ।

बागमती-१ करौंजेबाट भुरभुरेतर्फ जाँदै गरेको बा ६० प ९४९१ नंबरको मोटरसाईकलको पछाडी सवार स्थानीय २२ वर्षीय दिव्यप्रकाश राईको मृत्यु भएको हो । चट्याङ लाग्दा मोटरसाइकलका चालक भने सामान्य घाइते भएका छन् । घाइतेको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# कैलाशले ल्यायो ५१ करोडको बजेट, तीन पालिकाको तयारी तीव्र




साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरका १० वटा स्थानीय तहमध्ये पाँच वटा पालिकाले १० असारमै आगामी आर्थिक वर्ष २०७९/०८० का लागि बजेट ल्याइसकेका छन् ।

हेटौंडा उपमहानगर पालिकाले १३ असारमा बजेट ल्यायो । तर, बाँकी चार पालिकाले आगामी आवका लागि बजेट ल्याएका थिएनन् । जसमध्ये विकट कैलाश गाउँपालिकाले बुधवार बजेट ल्याएको छ ।

१० असारमा नीति तथा कार्यक्रम प्रस्तुत गरेको कैलाश गाउँपालिकाले बुधवार बसेको दशौं गाउँसभाले ५१ करोड १५ लाख ९८ हजारको बजेट ल्याएको हो । बजेट सर्वसम्मतीले पारितपनि भएको छ ।

गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा दिएर बजेट प्रस्तुत गरेका हुन् । कैलाशले कृषि, स्वास्थ्य, पर्यटन, विद्युत, ऊर्जा, शिक्षा, खानेपानी तथा सरसफाई, युवा, खेलकुद, भाषा, संस्कृति, सहकारी क्षेत्रलाई प्राथमिकता दिँदै बजेट ल्याएको हो ।

भौतिक एवं सामाजिक पूर्वाधारलाई बजेटमा प्राथमिकता दिँदै कैलाशबासीको जीवनयापनमा सहजीकरण गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सीपयुक्त मानव विकासमा जोड दिने, जनसहभागिता र पारदर्शिता कायम गरि सुशासन प्रवर्द्धन गर्ने जस्ता कार्यक्रम तय गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए ।

गाउँपालिकाले सडक पूर्वाधारतर्फ ८ करोड ५४ लाख ७७ हजार, भवन पूर्वाधारतर्फ १ करोड १२ लाख ५० हजार, विद्युत पूर्वाधारको निर्माण गर्न ५० लाख, सिंचाई क्षेत्रको लागि १० करोड ५३ लाख २६ हजार ५ सय बजेट बिनियोजन भएको छ ।

गाउँपालिकाले शिक्षातर्फ ९४ लाख २२ हजार रुपैंया बजेट विनियोजन गरेको छ । सामाजिक विकासतर्फ ३४ लाख ६५ हजार, क्षमता अभिवृद्धि, नेतृत्व विकास र शसक्तिकरणका लागि ८ लाख, खेलकुद पूर्वाधारमा २५ लाख बजेट छुट्याइएको अध्यक्ष मोक्तानले बताए । एक घर एक धारा कार्यक्रम र सुख्खा क्षेत्र खानेपानी योजनाका लागि २९ लाख ५० हजार, प्रथा, परम्परा, संस्कृति सम्पदा, संग्रहालयलगायतको विकास र विस्तारका लागि ११ लाख रुपैंया बजेट विनियोजन गरिएको छ । कृषि र पशुपन्छी क्षेत्रमा ५५ लाख, पर्यटन विकास तथा प्रबर्द्धनतर्फ ३८ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

अब मक्वानपुरमा मनहरी, बकैया र इन्द्रसरोबर गाउँपालिकाले बजेट ल्याउन बाँकी छ । यसअघि जिल्लाका हेटौंडा उपमहानगर र थाहा नगरपालिकासहित मकवानपुरगढी, बागमती, भीमफेदी गाउँपालिकाले बजेट ल्याइसकेका छन् ।

बकैया गाउँपालिकाले २४ असारमा बजेट ल्याउने तयारी गरेको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए । बकैयाले १० असारमा नीति तथा कार्यक्रम ल्याइसकेको छ । बकैयाले भौतिक पूर्वाधार विकाससँगै भूमिहीन नागरिकलाई भूमि र लालपूर्जा दिनेदेखि कृषि तथा पशुपालन, पर्यटन, खेलकुदलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकामा करिब ६० प्रतिशत घरधुरीसँग आफ्नो जग्गा प्रमाण पुर्जा प्राप्त नभएको, नापनक्सा समेत नभएको, ऐलानी जग्गा भएको र त्यस्ता जग्गाको तथ्यांक संकलनसमेत भइसकेकोले लालपूर्जा दिन बजेटमार्फत कार्य अगाडि बढाइने कार्यक्रममा उल्लेख छ ।

इन्द्रसरोबर गाउँपालिकाले २५ असारमा बजेट ल्याउने तयारी गरेको अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । उनका अनुसार इन्द्रसरोबरले ४३ करोड हाराहारीको बजेट ल्याउन लागेको हो । यसैगरी, मनहरी गाउँपालिकाले पनि बजेटको तयारी गरिरहेको छ ।

तर, तयारी र बजेटको सम्बन्धमा सम्पर्क गर्न खोज्दा अध्यक्ष रञ्जन कालाखेतीले अस्वीकार गरिदिए । काननुतः २५ असारभित्र बजेट ल्याइसक्नु पर्ने प्रावधान रहेकाले मनहरीले पनि बजेट ल्याउने तयारी गरिरहेको हो । मनहरी जिल्लाका ८ वटा गाउँपालिकामध्ये सबैभन्दा ठूलो आन्तरिक स्रोत भएको स्थानीय तह हो ।

यसअघि थाहा नगरपालिकाले आगामी आवका लागि १ अर्ब ८ करोड ८४ लाख ७ हजारको अनुमानित आयव्यय सार्वजनिक गरेको थियो । मकवानपुरगढी गाउँपालिकाले आगामी आवका लागि ६७ करोड ४४ लाख १२ हजार बराबर बजेट प्रस्तुत गरेको छ । भीमफेदी गाउँपालिकाले करिब ७० करोडको बजेट ल्याएको हो ।

जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले ६२ करोड ३४ लाखको बजेट सार्वजनिक गरेको थियो । बागमती गाउँपालिकाले ६३ करोड १९ लाख १८ हजार बजेट ल्याएको गाउँपालिका अध्यक्ष सर्केश घलानले बताए । सबै स्थानीय तहको प्रमुख प्राथमिकता पूर्वाधार विकास नै रहेको छ । बितेका पाँच वर्षमा पनि पालिकाहरुले भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर बजेट ल्याएका थिए ।



**ढलको निकास नहुँदा समस्यामा विद्यार्थी:** हेटौंडा उपमहानगरपालिका-४ स्थित, आधुनिक, भुटन्देवी विद्यालय हेटौंडा स्कुल अफ म्यानेजमेन्ट र हेटौंडा क्याम्पस पुग्ने मुख्य सडकमा पानी जमेपछि समस्यामा परेका आधुनिक माविका विद्यार्थी । हुप्रचौरबाट हेटौंडा क्याम्पसतर्फ आउने सडकमा पानी जमेपछि विद्यार्थी घुमाउरो बाटो प्रयोग गर्न बाध्य भएका छन् । साँघुरो भित्री सडकमा ढल निकास नहुँदा पानी सडकमै जमेको हो ।
*तस्बिरः रुटिन अफ हेटौंडा*

## बकैयामा करेन्ट लागेर एक जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ बकैया गाउँपालिकामा रोपाई गर्न खेतमा पानी लगाउन मोटर जोड्ने क्रममा एक जनाको करेन्ट लागेर मृत्यु भएको छ ।

बुधबार बकैया ६, गोवर स्थानका स्थानीय ३४ वर्षीय बुद्धिलाल बलको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय फापरबारीका प्रहरी निरीक्षक कमल लुगेलीले जानकारी दिए । समाचार तयार पार्दासम्म शवलाई पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याउने तयारी भइरहेको थियो ।

## मनहरीमा स्थानीय पाठ्यक्रमलाई छिट्टै प्रकाशन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मनहरी गाउँपालिकामा छिट्टै स्थानीय पाठ्यक्रम प्रकाशन गरिने भएको छ । २०७७ चैतमै स्थानीय पाठ्यक्रम प्रकाशनको तयारी थालिएपनि मनहरीमा हालसम्म त्युले मूर्तरुप पाउन सकेको छैन् ।

मनहरी गाउँपालिकामा नयाँ निर्वाचित जनप्रतिनिधि आएपछि नवगठित गाउँ शिक्षा समितिको पहिलो बैठकले स्थानीय पाठ्यक्रम प्रकाशन गर्ने कार्यलाई तदारुकता देखाएको हो ।

गाउँ शिक्षा समितिका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीको अध्यक्षतामा बसेको बैठकले विद्यालयको शैक्षिक अबस्था सुधारसँगै स्थानीय पाठ्यक्रम छिट्टै प्रकाशित गरिने निर्णय गरेको शिक्षा शाखा प्रमुख हरिचन्द्र सापकोटाले बताए । स्थानीय पाठ्यक्रम निर्माणका लागि यसअघि गरिएका सबैखाले प्रयास र प्राप्त अन्तर बस्तुहरुलाई छिट्टै कितावको रुपमा प्रकाशन गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय भएको शिक्षा प्रमुख सापकोटाले बताएका हुन् । यसअघि गाउँपालिकाले स्थानीय पाठ्यक्रमको पुस्तकको नाम 'हाम्रो मनहरी, राम्रो मनहरी' तय गरेको थियो । तत्कालीन शिक्षा समितिको बैठकले कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि स्थानीय पाठ्यक्रम पठनपाठन हुने निर्णय गरेको थियो । पाठ्यक्रममा मनहरीको इतिहासदेखि वर्तमान समयसम्मको परिचय रहने त्यतिबेलै तय भएको थियो । यसमा मनहरीभित्रका पराम्परा, रहनसहन, जडीबुटी, भेषभुषा र कला तथा संस्कृति, धर्म, मन्दिरजस्ता संरक्षण तथा विकासमा ज्ञान उल्लेख गरिने जनाइएको थियो ।




यसैगरी, बुधवार बसेको बैठकले मनहरीमा रहेका सामुदायिक र निजी विद्यालयहरुले कक्षा बृद्धिका लागि माग गरेकामा ती विद्यालयहरुको भौतिक अनुगमन गर्ने र त्यसपछि मात्रै कक्षा वृद्धि गर्ने निर्णय भएको उनले जानकारी दिएका छन् ।

# अस्पतालको सुधारमा हेटौंडाका जनप्रतिनिधिको नजर

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडा अस्पतालको स्वास्थ्य उपचार र व्यवस्थापनमा कमजोरी भइरहेको भन्दै जनस्तरबाट आवाज उठेपछि हेटौंडा उपमहानगरपालिकाको जनप्रतिनिधिहरुले समस्या समाधानको लागि चासो लिएका छन् ।

अस्पतालमा रहेको बेथितिको बिषयमा जनस्तरबाटै हुँदै आएको दवाबलाई हेटौंडा उपमहानगरपालिकाले चासो लिएको हो । बुधबार हेटौंडा उपमहानगरकी नगर प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले अस्पताल व्यवस्थापन समितिसँग वर्तमान अवस्थाबारे जानकारी लिएका थिए ।

बिरामीले टिकट, औषधी, उपचार पद्धतीको बिषय लिएर जनस्तरबाट आएको आवाजलाई चासो लिदै छलफल गरिएको थियो । उपमहानगरमा भएको छलफलमा हेटौंडा अस्पताल सञ्चालक समितिका अध्यक्ष राजेश प्रसाईले आर्थिक अवस्थाको कारण समस्या भएको बताएका थिए । उनले केन्द्र सरकारबाट आउँनु पर्ने स्वास्थ्य बिमा वापतको ६ करोड र कोरोनाको समयमा फिल्डमा खटिएका कर्मचारीको ३ करोड रुपियाँ नआउँदा ठुलै समस्या भएको बताए । 'अस्पतालले




बर्षमा १४ करोड बराबरको कारोवार गर्छ, अहिले ९ करोड रुपियाँ संघीय सरकारबाट रोकिँदा समस्या भएको हो । पैसा आए सेवा र जनगुनासोलाई व्यवस्थापन गर्न सकिने थियो', प्रसाईले भने । अहिले अस्पतालमा स्वास्थ्य बिमामार्फत्को औषधी बितरणमा समस्या भएको बिषय ठेकेदारलाई पैसा दिन नसक्नाले रहेको उनले बताए । औषधीको ठेक्का पारेको एक्सिस् फर्मालाई ८० लाख रुपियाँ दिन नसक्दा औषधी आउन समस्या भएको उनले बताए । अस्पतालले दिने सेवामा समस्या नभएको उनले दावी गरेका छन् ।

अध्यक्ष प्रसाईले सेवामा कुनै समस्या नभएको र दैनिक बिरामीको चाप बढ्दो रहेपनि जनशक्तिमा समस्या रहेको बताए । सबै काम भएपनि जनताको अहिले देखिएको समस्यालाई समाधान गर्न उपमहानगपालिका तयार रहेको नगर प्रमुख मिनाकुमारी लामाले विश्वास व्यक्त गरेकी छन् । वर्तमान समस्यालाई कम गर्दै व्यवस्थापनको पाटोमा ध्यान दिन अस्पताल व्यवस्थापनलाई उनले निर्देशन दिएकी छन् । 'जनगुनासो धेरै भयो अब त्यो रोक्ने पाटोमा लाग्ने काममा उपमहानगरको सहयोग रहन्छ', लामाले प्रतिबद्धता जनाइन् ।

उनले दैनिक आउँने बिरामी उपचारबिनै फर्कन पर्ने अवस्थालाई चिर्न जरुरी रहेको भन्दै अस्पताल परिसरमा उपमहानगरले प्रसुती बाल अस्पताल सञ्चालन गर्ने तयारी भैरहेको बताइन् । उपमहानगर जिम्मेवार ढंगबाट लागेको भन्दै व्यवस्थित स्वास्थ्य अवस्था बनाउनका लागि के गर्न सकिन्छ सहकार्य गरेर अघि बढ्न तयार रहेको उपप्रमुख राजेश बानियाँले बताए ।

# हेटौंडाकी एक महिलामा देखियो हैजा



साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडाकी एक महिलामा जथाभावी फालिने फोहोर र प्रदुषित पानीका कारण हुने हैजाको संक्रमण देखिएको छ ।

गर्मी र वर्षातको समयमा हैजाको जोखिम अझ बढी हुन्छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ की ३३ वर्षीया महिलामा हैजा देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

उनी दुई हप्ता अघि काठमाडौंस्थित माइती गएर आएको खुलेको छ । काठमाडौंमा हैजाको संक्रमण निरन्तर फैलिएको छ । अत्यधिक फोहोर र प्रदुषित पानी रहेको काठमाडौंमा दैनिक हैजाको संक्रमण बढ्दै गएको छ । काठमाडौं उपत्यकामा हैजाका बिरामी दुई दर्जनको हाराहरीमा पुगेको जनाइएको छ । स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी जनस्वास्थ्य निरीक्षक लक्ष्मण घिमिरेले काठमाडौंस्थित माइती गएर आएकी हेटौंडा-१ की महिलामा हैजा देखिएको बताए । उनी काठमाडौंमा रहँदा ३ दिन अघि बिरामी भएको र उपचार गर्दा हैजा देखिएको उनले जानकारी दिए ।

महिलाको विरेन्द्र सैनिक अस्पतालमा उपचार भैरहेको र स्वास्थ्य अवस्था ठिक रहेको जनाइएको छ । काठमाडौं बसाई क्रममा महिलामा हैजा देखा परेको भन्दै सूचना अधिकारी घिमिरेले हेटौंडाबासीलाई डराउनु नपर्ने बताउँदै सचेत रहन आग्रह गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरुः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# तीनपाङ्ग्रे सवारी व्यवस्थापन

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा अहिले अटो तथा ई-रिक्साजस्ता तीनपाङ्ग्रे सवारी साधन व्यापक बढिरहेको छ । केही वर्षअघिसम्म करिब पाँचसयको हाराहारीमा प्याडल रिक्सामात्र रहेको हेटौंडामा अहिले चार हजारभन्दा बढी अटो तथा ई-रिक्सा सञ्चालनमा रहेको अनुमान गर्न सकिन्छ । विगतमा रिक्साहरु नगरपालिकामा दर्ता भएर सञ्चालन हुने गरेको भए पनि अहिले सञ्चालनमा रहेका तीनपाङ्ग्रे सवारीहरु यातायात व्यवस्था कार्यालयमा दर्ता गरिएका छन् । यातायात व्यवस्था कार्यालयले जति पनि सवारी दर्ता गरिरहने भएका कारण सानो क्षेत्रमा पनि व्यापक संख्यामा यस्ता सवारी सञ्चालन भइरहँदा सडकमा सवारी चाप निकै बढ्दै गएको छ । यसलाई व्यवस्थापन गर्न हेटौंडा उपमहानगरपालिकाले यस्ता सवारी साधन दर्ता गरी स्टिकिर टाँस गर्ने कार्य गरेको थियो । यसले केही हदसम्म नगर क्षेत्रमा तीनपाङ्ग्रे सवारी नियमन र व्यवस्थापन गर्न सहज हुने विश्वास गरिए पनि पछिल्लो समय त्यो क्रम रोकिए पनि तीनपाङ्ग्रे सवारी भित्रने क्रम भने रोकिएको छैन ।

२०७४ चैतबाट सरकारले २० वर्ष पुराना सवारी साधन सञ्चालनमा रोक लगाएपछि हेटौंडा बजारबाट आसपासका क्षेत्रमा सञ्चालन हुँदै आएका सवारी संख्यामा कमी आयो । तर, केही समयपश्चात् नयाँ म्याजिक भ्यान तथा टेम्पोहरु उत्तिकै थपिएका कारण बजारमा सवारी साधनको चाप निकै बढी देखियो । निश्चित रुटमा चल्ने सार्वजनिक यातायातका साधन व्यवस्थापन गर्न सहज हुने भए पनि जहाँसुकै आवतजावत गर्ने अटो तथा ई-रिक्साजस्ता साना सवारी व्यवस्थापन गर्न त्यति सहज देखिँदैन । छोटो दूरीमै चर्को भाडा असुल्ने, तीव्र गतिमा हुइँकिने, जथाभावी रोक्ने, जहाँकहीँबाट एक्कासी मोड्ने अनि क्षमताभन्दा बढी यात्रु बोक्नेजस्ता थुप्रै बेथिति निम्त्याइरहेका तीनपाङ्ग्रे सवारी साधन व्यवस्थापन अपरिहार्य भइसकेको छ । अझ अनुमतिपत्र बिनाका कतिपय चालकहरुले यस्ता सवारी चलाउने गरेका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै बढिरहेको छ । बजार क्षेत्रका भित्री बस्ती तथा सडकहरुमा अन्य सार्वजनिक यातायातका साधन सञ्चालन नहुँदा यात्रुहरु अटो तथा ई-रिक्सा प्रयोग गर्न बाध्य छन् । व्यापकरुपमा भित्रिएका यस्ता सवारी साधन खोजेको बेलामा र खोजेको ठाउँमा सहजै उपलब्ध हुने हुनाले सर्वसाधारणलाई सहज भएको छ । ग्रामीण इलाकामा पनि सहजै जाने हुँदा सेवाको हिसाबले केही राम्रो पनि पाइन्छ । तर, यस्ता यातायातका साधन बढ्दै जाँदा सडकमा सवारी साधनको चाप भने निकै बढेको छ ।

यातायात साधनमा भएको वृद्धिअनुरुप सडक विस्तार र स्तरीकरण नहुँदा अहिले हेटौंडाका सडकले सवारी साधनको चाप थेग्न नसक्ने अवस्थामा पुगेको छ । पछिल्लो समय व्यापकरुपमा वृद्धि भएको ई-रिक्सा र अटोजस्ता तीनपाङ्ग्रे सवारी साधनको बढ्दो चापसँगै ट्राफिक व्यवस्थापनमा पनि समस्या भएको छ । सवारी साधनको अत्यधिक संख्याले ट्राफिक जाम र दुर्घटनाको जोखिम बढाइरहेको छ । यसको भरपर्दो व्यवस्थापन नभएमा भविष्यमा बजार क्षेत्रमा सवारी अस्तव्यस्तता अझ बढ्ने निश्चित छ । साना सवारीको संख्या कम गराउने एकमात्र विकल्प भनेका बजारका भित्री सडकमा पनि सार्वजनिक यातायातको रुपमा ठूला बसहरु सञ्चालन गरिनुपर्छ । एउटै साधनमा थोरै भाडामा धेरै यात्रु अटाउने व्यवस्थापन गर्न सके अति उत्तम हुने देखिन्छ । त्योसंगै हालको तीनपाङ्ग्रे सवारी व्यवस्थापन चुनौतीपूर्ण छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २४ गते शुक्रबार ८ जुलाई २०२२ । असार शुक्लपक्ष नवमी । दिल्लाध्व ११४२ । सूर्योदय: ५:१६, सूर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा लाभ हुनेछ | **तुला** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : अधुरो काम बन्ने सम्भावना छ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : आफन्तबाट विरोध हुनेछ |
| **कर्कट** | : भाग्योदयको योग छ | **मकर** | : पेसाबाट घाटा देखिन्छ |
| **सिंह** | : सहयोगी हातहरु बढ्नेछ | **कुम्भ** | : धन आर्जन हुनेछ |
| **कन्या** | : धर्मकर्ममा मन जानेछ | **मीन** | : दोहोरो लाभ मिल्नेछ |

# कृषि उत्पादन र पशुपालनमा सरकार कहिलेसम्म बहिरो ?

> वर्षभरि खेती गर्दा आम्दानी थोरै भएको अवस्थामा सहयोग गर्ने नीति सरकारले लिन जरुरी छ । यसको उपाय खोजेर स्थानीय स्तरमा आम्दानी बढाउने र रोजगारी सिर्जना गर्न सरकारले नै सहयोग गर्न जरुरी छ ।



✍ नारायण सापकोटा

एक तन्नेरीले गाई पालनबाट आम्दानी गर्न सक्ने ठान्थ्यो भने मलेसिया र खाडीमा वैदेशिक रोजगारीका लागि जान्थ्यो होला र ? म अमेरिकामा बस्दा सधैं यस्तै लाग्थ्यो । अहिले १० वर्षमा गाउँ फर्कंदा धेरै चिज परिवर्तन भएछन् । खासै परिवर्तन नभएको एउटै क्षेत्र कृषि र पशुपालन देखियो । अवस्था हेर्दा मैले अमेरिकामा सोचे जसरी यहाँ खेती किसानी गरेर र गाई पालेर कमाउन सक्ने अवस्था नै देखिएन ।

एक महिनाको अवधिमा भएका छलफलबाट म के निचोडमा पुगेँ भने साना साना विषयमा नीति, निर्माताले ध्यान दिए गाउँ/नगरमा नै धेरै स्वरोजगार सृजना गर्न सकिने रहेछ । विदेशमा काम गर्न जानै मन नलाग्ने गराउन सक्ने माध्यम कृषि उत्पादन र पशुपालन नै बन्ने छन् अहिले नभएपनि भविष्यमा । तन्नेरीले लगानी गरेको गाईले दूध नदिएमा बीमा र सरकारले सबै क्षति व्यहोर्ने हो भने तन्नेरी गाईपालन गरेर बस्थ्यो, गाईको संख्या पनि बढाउँदै जान्थ्यो । आम्दानी पनि बढाउँथ्यो ।

तर तन्नेरीले गाईपालनको सट्टा वैदेशिक रोजगारी नै रोज्दै आएको छ । कारण यही हो, गाईपालन गर्दा गाईले दूध दिएन भने उसको घरखेत नै जान्छ । यस्तो जोखिम लिनुभन्दा केही रकम खर्च गरेर उ विदेश मै काम गर्न चाहन्छ । विदेशमा काम गर्न जाने तन्नेरीलाई स्वदेशमा नै रोक्ने हो र उत्पादनमुलक कार्यमा लगाउने हो भने उसको जोखिम कम गर्दै आम्दानी गर्ने बाटो तय गरिदिन आवश्यक हुन्छ ।

एक साताअघि एक जना भाइले ७० हजार रुपैयाँमा गाई किने । गाईलाई ट्रकमा पनौती नगरपालिका-३ स्थित घर लगे । उनले गाई किनेपछि पनौती नगरपालिकामा भैरहेको पशु बीमाको बारेमा छलफल गरे । यो बीमामा गाई मरेमा मात्रै बीमा कम्पनीले क्षति व्यहोर्ने रहेछ । थुनेलो भएर र अरु केही विरामी भएर गाईले दूध दिएन भने पशुपालक किसानले कुनै क्षतिपूर्ति नपाउने रहेछ ।

बीमा भनेको त गाईले तोकिएको समयमा दूध नदिएमा पशुपालक किसानले क्षतिपूर्ति पाउनै पर्ने हो । गाई मरेको अवस्थामा मात्रै बीमा कम्पनीबाट पैसा पाउने, नभए किसानले नै क्षति व्यहोर्ने व्यवस्थाले पशुपालक किसानलाई सहयोग भएन । जुनसुकै अवस्थामा पनि गाईले दूध नदिएमा किसानले गाईको मुल्य बराबरको रकम पाउने अवस्था जरुरी छ । यसले वैदेशिक रोजगारीमा जाने क्रम घटाउने छ र यहीं बसेर केही काम गरौं भन्ने भावना बढाउने छ ।

एक महिनामै तरकारी, फलफूल, दूधका पदार्थ अर्ब भन्दा बढीको आयात भैरहेको छ । तर किसानलाई उत्पादनमा प्रोत्साहितभन्दा निराश बनाइएको छ । खेती गर्ने समयमा मल नै नपाउने, पाएपनि लाइन बसेर १० किलो पाउने देखियो । मल अभाव भएको सरकारी अनुदानले हो । मल ल्याउनेलाई सरकारले पैसा दिनुभन्दा वडा कार्यालयमार्फत् सिधै किसानलाई पैसा दिएर सहयोग गर्ने हो भने मलको अभाव कहिल्यै पनि रहन्न । किसानलाई सहयोग गर्ने नाममा मलमा अरु कसैले फाईदा लिइरहेको प्रष्ट देखिन्छ । यसकारण मलमा दिइरहेको सरकारी पैसा सिधै किसानको बैंक खातामा जम्मा गर्दिन जरुरी छ । यसो गर्दा व्यापारीले मल ल्याएर विक्री गर्छ । किसानले बजारको मुल्यमा खरिद गर्छ । सधैं अभाव भएर वालीको उत्पादनमा असर पर्ने क्रम पनि बन्द हुन्छ ।

बालीको बीमा पनि गर्ने गरिएको रहेछ । अन्नबाली क्षति भएमा बीमा कम्पनीमार्फत् किसानले पाउने भनेको बीउ र ज्यालाको रकम मात्रै रहेछ । यस्तो बीमाले किसानलाई वास्तविक सहयोग भएन । किसानले बीमा गरेपछि अन्नबाली उत्पादन भएर बजारमा बेच्ने भाउमा पो क्षतिपूर्ति दिनुपर्ने हो । बीमा कम्पनीले दिँदैन भने स्थानीय सरकारले यस्तो सहयोग गर्न आवश्यक रहन्छ । नभए किसानले कसरी धान्न सक्छ ?

खेती र पशुपालन गर्दा आउने अप्रत्याशित नोक्सानी सरकारले नव्योहोर्ने हो भने वर्षभरि काम गरेर ऋण कमाउन कसैले पनि यो काम गर्दैन । बीमाका नाममा सहयोग गरेजस्तो मात्रै भयो, वास्तविक सहयोग भएन ।

अहिले पनौती-३ मा पनि किसानले तरकारी उत्पादन गर्छन् । केही व्यापारीले यो तरकारी संकलन गरी दैनिक रुपमा काठमाडौं लग्छन् । यी मध्ये अहिलेको उत्पादन काँक्रो र फर्सी हो । अहिले फर्सीको भाउ निकै तल आएको छ । १० देखि १५ रुपैयाँ किलोमा व्यापारीले किसानबाट फर्सी किनिरहेका छन् । केही दिनअघि सम्म यसको भाउ प्रतिकिलो ३० रुपैयाँ भन्दा बढी थियो । अहिले भाउ घटेर यति तल आउँदा किसानको परेको मेहनत पनि उठ्दैन ।

परेको मेहनत बराबरको रकम पनि नपाएपछि किसानले कसरी खेती गर्न सक्छ ? कसरी वर्षभरिको खर्च चलाउँछ ? यसको खोजी पनौती नगरपालिकाले गर्न सक्छ ? वर्षभरि खेती गर्दा आम्दानी थोरै भएको अवस्थामा सहयोग गर्ने नीति सरकारले लिन जरुरी छ । यसको उपाय खोजेर स्थानीय स्तरमा आम्दानी बढाउने र रोजगारी सिर्जना गर्न सरकारले नै सहयोग गर्न जरुरी छ ।

पनौती नगरपालिकामा रहेका सार्वजनिक जग्गामध्ये अधिकांशमा वृक्षारोपण गरी हरियाली बनाइएको छ । तर यी मध्ये अधिकांशमा केही आम्दानी नगर्ने रुख रोपिएका छन् । रुखले सार्वजनिक जग्गालाई वनमा परिणत गरेको छ तर आम्दानी केही छैन । अब फेरि जंगलमा नै थप वृक्षारोपण गर्न थालिएछ । वृक्षारोपण गर्दा आम्दानी गर्ने फलका विरुवा रोप्ने काम गफमा सीमित छ ।

वृक्षारोपण गर्दा फलफूलका विरुवा रोप्यो भने स्थानीय वासिन्दालाई पनि फाइदा हुन्छ र हरियाली पनि रहन्छ । भैरहेको जंगलमा वृक्षारोपणका नाममा अरु त्यस्तै आम्दानी नदिने विरुवा रोपेर वृक्षारोपण गरेको प्रगति विवरण तयार गरिन्छ । यस्ता विरुवा रोपेको विवरण पेश गरेपछि स्वदेशी र विदेशी निकायबाट सहयोग पनि मनग्गे पाइन्छ । फलफूलको विरुवा किन्नलाई पैसा लाग्छ । आम्दानी नगर्ने विरुवा सरकारले सित्तैमा दिन्छ । नाँगा डाँडा पाखा हो भने जस्तो भएपनि हरियाली कायम गर्नु ठिकै होला । नत्र जंगलमा वृक्षारोपण गरेर सस्तो लोकप्रियता प्राप्त गर्ने हो र व्यक्तिगत रुपमा केही नगद फाइदा पनि जोड्ने हो, अन्यथा होइन ।

घना जंगलमा आम्दानी नदिने विरुवाभन्दा हरेक वर्ष आम्दानी गर्ने विरुवा रोप्न सके फाइदा लिन सकिन्छ । नभए वृक्षारोपण पनि एकछिनको मनोरन्जन मात्रै हो । स्थानीयवासीका खेतबारीका बाली जंगलका जनावरले नष्ट गरिदिएका छन् । जति रोपनी जग्गाको बाली नष्ट भएपनि सरकारले सहयोग गर्ने रकम १० हजार रुपैयाँ रहेछ । त्यति रकम सरकारी निकायबाट लिन ६/७ ठाउँबाट स्वीकृति लिएको देखियो । स्थानीयबासीले त वडाबाट मात्रै स्वीकृति लिएर यो पैसा पाउँदा रहेनछन् । वरु अन्यत्रबाट स्वीकृति लिने काम वडा कार्यालयले गरेर स्थानीयवासीलाई १० हजार रुपैयाँ लिन ६/७ ठाउँ दौडाउने काम हटाउन सकेपनि किसानलाई धेरै सहयोग हुन्थ्यो ।

खेती र पशुपालनमा हरेक वर्ष नाफाभन्दा घाटा देखिएपछि र सरकारी निकायले ध्यान नदिएपछि जाने त वैदेशिक रोजगारीमा नै हो । रोजगारी सिर्जना र उत्पादन वृद्धिका लागि पशुपालन र कृषि उत्पादनमा सरकारको प्रत्यक्ष सहयोग अत्यावश्यक छ । नभए खेती बाँझो राख्न पाइँदैन, बाँझो राखे १ लाख क्षतिपूर्ति तिर्नुपर्छ भनेर कसैले खेती गर्न सक्दैन ।

*-साभार: रातोपाटी*

# लोकप्रिय नेताको सत्ता पुगेपछि परस्त्रीसम्बन्धी लफडा



✍ राजेन्द्र स्थापित

> “सुकार्नो अपदस्थ भइसकेपछि कत्ति न लोग्नेको चिन्ता लागेजस्तो गरी इण्डोनेसिया फर्कन चाहेको बताइन् र छोरी तथा सहायकहरूसहित हङकङ पुगेर सैन्य सरकारसित अनुमति मागिन् । तर, सैन्य सरकारले इण्डोनेसिया आएमा पक्राउ पर्नसक्ने र सम्पत्तिसम्बन्धी छानबिन हुने बताएपछि त्यसोभए “आउँदिन” भनिन् । मिडियामार्फत सुकार्नोको स्वास्थ्यप्रति चिन्ता जनाइन् ।”

नाओको केमोतोको जन्म जापानको राजधानी टोकियोस्थित गरिब परिवारमा भयो । आमा सधैं बिरामी नाओको १६ वर्षकी हुँदा सिकर्मी बाबुको निधन भयो । घरमा कमाउने अरु कोही नभएपछि उनी नाइटक्लब ‘कापाकाबाना’मा काम गर्न थालिन् । सन् १९५९ मा १९ वर्षकी भइन् ।

सन् १९४५ मा इण्डोनेसिया जापानबाट स्वतन्त्र भयो । २५ वर्षको कलिलो उमेरमै जापानी उपनिवेशविरोधी नेशनल दल गठन गरी स्वतन्त्रताको संग्राममा होमिएका सुकार्नो प्रथम राष्ट्रपति बने । उनका बाबु हिन्दूधर्मबाट प्रभावित थिए । महाभारतका पात्र कर्णबाट विशेष प्रभावित । त्यसैले उनैको नाउँबाट छोराको नाउँ सुकार्नो (असल कर्ण) राखिदिए । सुकार्नो राष्ट्रिय हिरो थिए ।

जनता उनलाई ‘बंग कर्ण सुकार्नो’ भनेर संबोधन गर्थे । बंगको अर्थ दाजु वा कमरेड हो । उनी कम्युनिष्ट थिए । साम्राज्यवाद र पुँजीवादविरोधी । पटक-पटक जेल परे । निर्वासित भए । राष्ट्रपति भएपछि सोभियत संघ र चीनको सहयोगमा कम्युनिष्ट पार्टीको रक्षा गर्न खोजे । जसको कारण सेना र कट्टरपन्थी मुसलमानहरू चिढिए । स्मरणीय छ, इण्डोनेसियाको त्यो पार्टी त्योबेला संसारकै सबैभन्दा ठूलो गैरसत्तारुढ कम्युनिष्ट पार्टी थियो । सन् १९५५ मा यसको सदस्यता २० लाख पुगेको थियो ।

सुकार्नो दुई देशबीचको सम्बन्ध सुधार्ने हेतु सन् १९५९ को जुनमा जापान गए । इम्पेरियल होटलमा बसे । रंगीन स्वभावका थिए । ५८ वर्षको भइसकेका उनले त्यतिञ्जेलसम्म ४ वटीसँग बिहे गरे । पहिलो बिहे २० वर्षको उमेरमा १६ वर्षकी सिति ओइतारिसँग भएको हो । उनीहरूको बीचमा लोग्नेस्वास्नी नभई दाजु र बहिनीको जस्तो सम्बन्ध रह्यो । सन् १९२३ मा सम्बन्धविच्छेद भयो ।

त्यसपछि इङ्गिट गार्नासिहसित बिहे, उनलाई सन् १९४३ मा त्यागे । इङ्गिट निसन्तान रहिन् । सोही वर्ष फातिमावतीसँग बिहे गरे । मुलुक स्वतन्त्र बनेपछि फातिमावती नै इण्डोनेसियाको प्रथम महिला बनिन् । फातिमाले सुकार्नोलाई ५ सन्तानको बाबु बनाइदिइन् । लोग्ने र केटाकेटीलाई छाडेर गइन् । उनीहरुको औपचारिक तवरमा कहिल्यै सम्बन्धविच्छेद भएन । सन् १९५३ मा फेरि विधवा हार्तिनीसँग बिहे गरे । हार्तिनी ३० वर्षकी थिइन् तर त्यतिञ्जेल ५ सन्तानकी आमा बनिसकेकी थिइन् । सुकार्नो टोकियो पुगेको समय नाओको पढ्दै थिइन् । नाइटक्लबमा नाच्थिन् । गिशा (देहव्यापार) को पेशा पनि गर्थिन् । एक जना दलालमार्फत सुकार्नो बसेको इम्पेरियल होटल पुगिन् । सुकार्नोले सँगै रात बिताउन सो दलाललाई युवती उपलब्ध गराइदिन माग गरेका थिए । सुकार्नो कला, साहित्य, नृत्य, गायन र चित्रकलाको पारखी थिए । यी सबैमा नाओकोको पनि रुचि थियो । रुचि मिलेपछि पहिलो भेटघाटमै दुबै नजिकिए । त्यसो त सुकार्नो र नाओकोबीच ३९ वर्षको फरक थियो तैपनि नाओकोले पनि सुकार्नोलाई मन पराइन् । नाओको रूपशी थिइन् साथै असल स्वभावकी धनी ।

भनिन्छ, पहिलो रात उनीहरूबीच देहमिलन भएन । आ-आफ्ना रुचि र स्वभावबारे गफ गर्दै बित्यो । पर्सिपल्ट १६ जुनमा सुकार्नो आफैं क्लब पुगे, नाओकोको नृत्य हेरे । दुई हप्ता टोकियो बसे र यसबीच अर्को २ पटक नाओको इम्पेरियल होटल छिरिन् । उनीहरूबीच गहिरो प्रेम बस्यो । एकार्कासित नछुट्टिने कसम खाए । सुकार्नो जकार्ता फर्के । तर, मन टोकियोमै छुट्यो । चिम्सो आँखा र हँसिलो अनुहारलाई चाहेर पनि बिर्सनै सकेनन् । अब मनको बह पत्रमार्फत पोख्न थाले । जुन दिन नाओकोको प्रत्युत्तर पाउँथे, आफूलाई सबैभन्दा भाग्यमानी ठान्थे । सुकार्नोको मन त्यतिले पनि सन्तुष्ट हुन्नथ्यो । उनी नाओकोको सामीप्य नै चाहन्थे त्यसैले जकार्ता फर्केको केही समयपश्चात् नाओकोलाई निम्तो पठाए । उता, नाओकोको अवस्था उस्तै थियो । सुकार्नोसित फेरि भेट होला कि नहोला भन्ने चिन्तामा सधैं डुबिर हन्थिन् । त्यस्तो बेला हातमा सुकार्नोले पठाएको निम्तो पुग्यो । उनी दंगदास परिन् र जकार्ता भ्रमणको चाँजोपाँजो मिलाउन थालिन् ।

एउटा मुलुकको राष्ट्रपतिले नै पठाएको निम्तो भएकाले तुरुन्तै सबै कुरा मिल्यो । उनी जब जकार्ता विमानस्थलमा ओर्लिन् उनलाई लिन गाडीको ताँती लागेको थियो । सिधै राष्ट्रपति निवासमा पुर्याइयो । र, भोलिपल्ट सुकार्नोले नजिकै टापुमा बनाइएको आलिसान रिसोर्टमा लगे । नाओकोले समुन्द्रको आनन्द उठाइन् । उनीहरूले निकै रमाइलोसँग दिन बिताए । केही दिनको इण्डोनेसिया बसाइपछि नाओको जापान फर्किइन् । फेरि उनीहरूबीच प्रेमपत्रको बाढी नै चल्यो । नाओकोको अनुसार उनीसित सुकार्नोको करिब ५ सय पत्र सुरक्षित थियो । सुकार्नोको अधिकांश पत्रमा काव्यात्मिक ढंगले नाओकोको रूपको, आनिबानीको प्रशंसा गरिएको हुन्थ्यो । अन्यमा प्राय: उनले इण्डोनेसियाको राजनीतिकलगायत अन्य अवस्थाबारे वर्णन गरेका हुन्थे । एउटा त उनले मन्त्रिमण्डलको बैठक बस्दाबस्दै पनि लेख्न भ्याएका रहेछन् । उक्त पत्रमा भनिएको छ, ‘भौतिक तवरमा यतिखेर म क्याबिनेट बैठकमा छु तर मेरो मन, तिम्रो साथमा छ ।’

नाओकोले पछि मिडियालाई भनिन् कि पत्रमा सुकार्नोले व्यक्त गरेका भावना अनुपम श्रेणीका छन्, जसलाई अनेक प्रकारले व्याख्या गर्न सकिन्छ । नाओकोकै अनुसार एउटा पत्रमा सुकार्नोले यसरी पनि लेखे, ‘जब मैले मेरो कम्मर मुनिको कपालमा काइँयो लगाएँ, तब उनले भनिन्- उनको माया मेरो भन्दा लामो छ ।’ सन् १९६२ मा सुकार्नोले फेरि नाओकोलाई इन्डोनेसिया बोलाए । जब नाओको दोस्रो पटक जकार्ता पुगिन् सुकार्नोले उनीसमक्ष बिहेको प्रस्ताव राखे । नाओकोले विश्वासै गर्न सकिनन् कि अब उनी इन्डोनेसियाकी प्रथम महिला बन्दै छिन् । सहर्ष प्रस्तावलाई स्विकारिन् । तर, नाओकोकी आमा उक्त बिहेको विपक्षमा उभिइन् । प्रमुख कुरो, आफ्नी छोरीले धर्म परिवर्तन गरी मुस्लिम बन्न गइरहेको उनले पचाउनै सकिनन् । आमाको सहमतिबेगर नाओकोले सुकार्नोसित सन् १९६२ को मार्च ३ मा बिहे गरिन् ।

र, मुस्लिम नाउँ रत्नासारी देवी अपनाइन् । नाओको उर्फ रत्नासारी देवीको वैवाहिक जीवन भने सुखद बनेन । बिहे गरेको केही घण्टामै आमाको निधन फदयाघातबाट भयो भने २६ घण्टाभित्र एक्लो भाइ यासोले आत्महत्या गरे । उनले पछि पत्रकारलाई भनिन्, ‘मैले एकातिर अति माया गर्ने लोग्ने पाएकी थिएँ, अर्कोतर्फ परिवारको नाउँमा बाँकी रहेका आमा र भाइ दुवैलाई गुमाएँ । म एकछिनमै भरिएको थिएँ, अर्कोछिनमै रित्तो हुन पुगें ।’

उता, सुकार्नो नवपत्नीलाई सान्त्वना दिनतर्फ लागे । दु:खी मनलाई सान्त्वना दिन छुट्टै आलिशान घर बनाइदिए । जालान सोइब्रोतोमा निर्मित उक्त घर यतिखेर संग्रहालय बनेको छ । सुकार्नो र रत्नाको बिहे गुपचुप गरिएको थियो, किनभने सुकार्नोकी पत्नीको रूपमा हार्तिनी थिइन् । हार्तिनीले सुकार्नोले रत्नासित गोप्य सम्बन्ध राख्न थालेको मात्र होइन, आफ्नै लोग्नेको निम्तोमा पछि रत्ना बनेकी नाओको दुईपटक इण्डोनेसिया आएको समेत थाहा पाएकी थिइनन् । उनले एकैपटक सन् १९६४ मा मात्र पत्तो पाइन् । त्यो पनि सुकार्नोले एउटी जापानी केटीसँग बिहे गरिसके भन्ने हल्ला चलिसकेपछि । विद्यार्थी सुकार्नोको पछिल्लो बिहेलाई लिएर प्रदर्शनमा उत्रिए । पत्रपत्रिकाले विरोध गर्न थाले । विरोधको मुख्य कारण थियो- रत्ना जापानी हुनु । किनभने इण्डोनेसियालीहरु जापानीलाई आक्रमणकारी र लामो समय आफ्नो देश खाएर बसेकाहरू भन्ठान्थे ।

रत्ना सुकार्नोपत्नी भएपछि विलासी बनिन् । आफ्नोनिम्ति ठूलो महल बनाउन र भवनमा महँगो तेलचित्र झुण्ड्याउन लगाइन् । राज्यको ढुकुटीको दुरूपयोग गरी विदेशी बैंकमा पैसा जम्मा पारिन् । यसबीच, सन् १९६५ मा जर्नेल सुहार्तोको नेतृत्वमा सेनाले आमसंहार मच्चाए । यो घटनामा १२ लाख कम्युनिष्ट मुलासरह काटिए । अझ कतिपय अन्तर्राष्ट्रिय संगठनले यसरी मारिनेको संख्या २० देखि ३० लाख पुगेको अनुमान गरेका छन् । यसपछिको दिनमा सुकार्नो नाउँ मात्रको राष्ट्रपति रहे । सन् १९६६ को जुन २२ मा त नजरबन्दमै परे । र सन् १९६७ को मार्च २७ मा बर्खास्त भए । उनको निधन मिर्गौलाको रोगबाट सन् १९७० को जुन २१ मा जकार्तास्थित सैनिक अस्पतालमा हुँदा ६९ वर्षका थिए ।

रत्नाले सैन्य विद्रोह हुने भनक पाइसकेकी थिइन् । अपदस्थ आफ्नो पतिसित बाँकी जीवन बिताउन चाहँदैनथिन् । त्यो बेला गर्भवती थिइन् । यही बहाना बनाएर माइती गइन् । सुकार्नोले जापान र पेरिसमा समेत घर किनिदिएका थिए । जापान गएको केही दिनपश्चात् नै पेरिस पुगेर छोरी कार्तिकालाई जन्म दिइन् । कार्तिका सुकार्नोकी आठौं सन्तान हुन् । त्यहाँ उनी आनन्दले रहिन् ।

सुकार्नो अपदस्थ भइसकेपछि कत्ति न लोग्नेको चिन्ता लागेजस्तो गरी इण्डोनेसिया फर्कन चाहेको बताइन् र छोरी तथा सहायकहरूसहित हङकङ पुगेर सैन्य सरकारसित अनुमति मागिन् । तर, सैन्य सरकारले इण्डोनेसिया आएमा पक्राउ पर्नसक्ने र सम्पत्तिसम्बन्धी छानबिन हुने बताएपछि त्यसोभए ‘आउँदिन’ भनिन् । मिडियामार्फत सुकार्नोको स्वास्थ्यप्रति चिन्ता जनाइन् ।

र, फेरि जापान हुँदै पेरिस फर्किइन् । हङकङ र जापानको उद्योगमा उनको ठूलो लगानी थियो । कहिले जापान त कहिले पेरिस बस्ने गरिन् । जापानको घरमा १६ वटा कुकुर पालेकी थिइन् भने व्यापार व्यवसाय चलाएकी थिइन् । विस्तारै सुकार्नोलाई बिर्सँदै गइन् किनभने सुकार्नो अब साधारण व्यक्तिमा सीमित भइसकेका थिए । रत्नाले ६८ वर्षको बूढो सुकार्नोलाई त्यागेर जापानी चलचित्र अभिनेता मासाहिकोे त्सुगावासित बिहे गर्न खोजिन् ।

यो समाचार सुनेर सुकार्नो निकै दु:खी बने । अन्तिम समयमा सुकार्नोलाई उनै पत्नी हार्तिनीले साथ दिइन्, हेरचाह गरिन् । सुकार्नोको मृत्युपछि रत्ना उनै मासाहिकोसँग बसिन् । उनले मुस्लिम धर्म नत्यागेकाले मासाहिकोसँग बिहे गर्न भने पाइनन् ।

*-साभार: जनआस्था*

# भलिबल संघमा चुनावी सरगर्मी



काठमाडौं/ नेपालको राष्ट्रिय खेल भलिबलको नियामक निकाय नेपाल भलिबल संघमा कार्यसमितिको पदावधि सकिएको दुई वर्षभन्दा बढी भइसकेको छ ।

नयाँ खेलकुद ऐन जारी भएपछिको अन्यौलता र ऐनको आफूखुसी व्याख्याको भूमरीमा अल्झिएको संघको निर्वाचन सरगर्मी अहिले बढेको छ ।

नयाँ ऐनमा २ वर्षभित्र सबै राष्ट्रिय खेल संघहरु संघीयता अनुकुल हुने गरी प्रादेशिक संरचनामा जानैपर्ने बाध्यत्मक व्यवस्था कार्यान्वयन गर्नु पर्ने समय गत असार १७ गते नै घर्किसकेको छ ।

राखेपले ऐन कार्यान्वयनका लागि जेठ महिनामा मात्र संघहरुलाई पत्र पठाएको थियो । ऐन जारी हुनुअघि नै प्रादेशिक संरचनाको अभ्यास गरिसकेको भलिबल संघले असार १० गतेभित्रै अधिकांश प्रदेश र जिल्लाको अधिवेशन सम्पन्न गरी राखेपमा दर्ता गरिसकेको छ । विधान संशोधनका लागि उसले बनाएको कार्यदलले मस्यौदालाई अन्तिम रुप दिँदैछ ।

विश्व फुटबल महासंघ (फिफा)को डर देखाएर अखिल नेपाल फुटबल संघ (एन्फा)ले प्रादेशिक निर्वाचन नै नगरी राखेपबाट केन्द्रीय निर्वाचनको स्वीकृति पाएको थियो । भलिबल संघले भने प्रदेश र जिल्लाको अधिवेशन सम्पन्न गरी प्रक्रियागत रुपमा निर्वाचन गर्ने बताएको छ ।

संघले साउन ५ गते कार्यसमितिको पूर्ण बैठक बोलाएको छ । संघका महासचिव जिनेन्द्रबहादुर चन्दका अनुसार सम्भवतः सोही बैठकले साधारणसभा र चुनावको मिति घोषणा गर्नेछ । 'यो कुरा मैले एकल निर्णय गर्नसक्ने होइन । कार्यसमितिमा बहुमतले निर्णय गरेको खण्डमा सोही बैठकले अधिवेशन र निर्वाचनको मिति तय गर्नेछ,' भलिबल संघका महासचिव जितेन्द्रबहादुर चन्दले भने ।

गत जेठ २१ गते पोखरामा बसेको संघको पूर्ण बैठकले जिल्ला र प्रदेशको निर्वाचन असार १० गतेभित्र सम्पन्न गर्ने निर्णय गरेको थियो । निर्धारित समयमा ६ प्रदेश र ७७ जिल्लाको अधिवेशन सम्पन्न भएको छ । भलिबल संघ देशका सबै जिल्लामा शाखा भएको सीमित राष्ट्रिय संघहरुमध्येको एक हो ।

विवादका कारण वागमती प्रदेशको अधिवेशन हुन सकेको छैन । 'आगामी पूर्ण बैठकमा निर्वाचन हुन नसकेको प्रदेशमा के गर्ने भन्ने निर्णय गर्नेछौं,' संघका महासचिव चन्दले भने । जेठ २१ को बैठकले विधानको समयानुकुल संशोधनका लागि संघका पूर्वअध्यक्ष तथा वर्तमान सल्लाहकार गंगाबहादुर थापाको संयोजकत्वमा संघका कानूनी सल्लाहकार रामचन्द्र भण्डारी र सदस्य रोशन श्रेष्ठसहितको ३ सदस्यीय कार्यदल बनाएको छ । कार्यदलले पाएको समयसीमा अनुसार संशोधित विधानको मस्यौदा आगामी बैठकमा पेश हुनेछ । कार्यसमितिले निर्णय गरेपछि अनुमोदनका लागि साधारणसभामा लगिनेछ ।

२०७२ सालमै संघीय संरचनाअनुकुल हुने गरी विधान संशोधन गरेका कारण संघको निर्वाचनका लागि भलिबल संघलाई कुनै बाधा छैन । २०७४ चैतमा गरिएको अर्को संशोधनबाट प्रदेशलाई पनि मताधिकार दिने व्यवस्था गरिएको छ ।

***१३६ मतदाता, यसपाली १३३ ले मात्र मत दिन पाउने***

भलिबल संघमा ३९ जनाको पूर्ण कार्यसमिति रहने व्यवस्था छ । त्यसमध्ये २५ जना प्रत्यक्ष निर्वाचित भएर आउनेछन् । बाँकी १४ मध्ये १३ जनालाई निर्वाचित कार्यसमितिले मनोनित गर्नेछ । १ जना पूर्व अध्यक्ष पदेन सदस्यका रुपमा रहनेछन् । निर्वाचनमा १ सय ३६ जना मतदाता रहनेछन् । तर, यसपल्ट भने १३३ जनाले मात्र मतदान गर्न पाउनेछन् ।

भलिबल संघको केन्द्रीय निर्वाचनका लागि ७७ वटै जिल्लाबाट १-१ मताधिकार रहने व्यवस्था छ । सात प्रदेशबाट २-२ का दरले १४ मत हुनेछ । हालको केन्द्रीय कार्यसमितिबाट ३९, रेफ्री कमिसनबाट १ र राष्ट्रिय टिम (पुरुष र महिला)का कप्तान र तीन क्लब (ढोरपाटन भलिबल प्रशिक्षण केन्द्र, न्यू डायमण्ड स्पोर्टस क्लब र जावलाखेल भलिबल प्रशिक्षण केन्द्र)ले संघको निर्वाचनमा मताधिकार पाउनेछन् ।

भलिबल संघको विधान अनुसार नेपाल भलिबलको प्रतिनिधित्व गरी विश्व भलिबल महासंघ, एसियाली भलिबल महासंघ, सेन्ट्रल एसियन भलिबल संघ तथा दक्षिण एसियाली भलिबल संघको पदाधिकारी भएको व्यक्तिले पनि केन्द्रीय कार्यसमिति निर्वाचनमा स्वतः मतदान प्रतिनिधि हुनेछन् । संघका महासचिव चन्द हाल सेन्ट्रल एसियन भलिबल महासंघको कोषाध्यक्ष छन् । संघको महासचिव पनि भएका कारण उनको उपस्थिति एकमात्र गणना हुनेछ ।

यसपल्टको निर्वाचनमा कार्यसमितिका ३९ मध्ये तीन जनाले यसअघि राजीनामा दिएका कारण ३६ मतमात्र हुनेछ । नयाँ खेलकुद ऐन जारी भएसँगै राष्ट्रिय खेलकुद परिषद (राखेप)का कर्मचारी कुनै पनि राष्ट्रिय संघमा बस्न नपाउने बाध्यकारी व्यवस्था भएकाले सचिवद्वय जगदीश भट्ट र डीबी नेपाली तथा सदस्य टेककुमार राजभण्डारीले पदबाट राजीनामा दिएका हुन् ।

भलिबल संघको आगामी निर्वाचनका लागि वर्तमान कार्यसमितिकी उपाध्यक्ष निरोज मास्केले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरिसकेकी छन् । एक वर्षअघि नै उम्मेदवारी घोषणा गरेकी मास्के जिल्ला र प्रदेशको अधिवेशनका दौरान निकै सक्रिय रहिन् ।

वर्तमान कार्यसमितिका महासचिव जितेन्द्रबहादुर चन्द पनि अध्यक्षका आकांक्षी छन् । तर, उनले अहिलेसम्म उम्मेदवारी घोषणा गरिसकेका छैनन् । वर्तमान अध्यक्ष मनोरन्जनरमण शर्माले यसअघि नै आफू नदोहोरिने घोषणा गरिसकेका छन् । -साभार: अनलाइनखबर

## महँगी बढेको भन्दै निर्वाचन आयोगले माग्यो १० अर्ब खर्च



काठमाडौं/ निर्वाचन आयोगले सरकारसँग १० अर्ब खर्चको व्यवस्था गर्न माग गरेको छ । आयोगले सरकार समक्ष आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सो खर्च प्रस्ताव गरेको हो ।

बुधबार आयोगका प्रमुख आयुक्त दिनेश थपलियासहितका पदाधिकारी र प्रधानमन्त्री शेरबहादुर देउवासहित विभिन्न मन्त्रीहरूबीच भएको छलफलमा आयोगले निर्वाचनको मितिका साथै सो र कमको प्रस्ताव गरेको हो ।

गत स्थानीय तहमा ७ अर्ब ८० करोड रुपैयाँ खर्च भएपनि अहिले विभिन्न सामग्रीहरुको महँगी बढेकोले बजेट बढाउन माग गरिएको आयोगका शालिग्राम शर्मा पौड्यालले जानकारी दिए । -साभार: रातोपाटी

## भित्रिए प्राधिकरणका चार्जिङ स्टेसन, प्रि-बुकिङ सुविधासहित ६३ ठाउँबाट सेवा



काठमाडौं/ नेपाल विद्युत् प्राधिरकरणले देशका विभिन्न भागमा राख्ने चार्जिङ स्टेसनको उपकरण नेपाल आइपुगेको छ । प्राधिकरणको चार्जिङ स्टेसन पूर्वाधार विकास आयोजनाका प्रमुख सागरमणि ज्ञवालीकाअनुसार पहिलो चरणमा राखिने ५१ मध्ये २६ वटा चार्जर नेपाल आइपुगेका हुन् ।

चार्जिङ स्टेसनका लागि आवश्यक ट्रान्सफर्मरहरु पनि नेपाल आएर अहिले परीक्षण चलिरहेको ज्ञवालीले जानकारी दिए । 'चार्जहरु नेपाल आइपुगेका छन्, अब भन्सार जाँचपास गरेर ल्याउनासाथ केही दिनभित्रै जडान सुरु गर्छौं,' उनले भने, 'चार्जिङ स्टेसन जडानका लागि सिभिल पूर्वाधार निर्माणको काम लगभग सकिएको छ ।'

ट्रान्सफर्मरहरुको जडान सुरु गर्ने र लगत्तै चार्जरहरु जडान गरेर सेवा दिन थालिहाल्ने प्राधिकरणले बताएको छ । २ महिनाभित्रै ५१ वटै स्थानमा चार्जिङ स्टेसन जोडिसक्ने प्राधिरकणको लक्ष्य छ ।

प्राधिरकणले देशभरका राजमार्ग र मुख्य शहरका बसपार्क, सार्वजनिक जग्गा लगायतका स्थानमा चार्जिङ स्टेसन जडान गर्न लागेको हो । प्राधिरकणले बिर्तामोड, दमक, विराटनगर, इटहरी, बेलाका, सुनसरी बसपार्क, लाहान, बर्दिबास र सिन्धुलीमाडीमा चार्जिङ स्टेसन स्थापना गर्दैछ । खुर्कोट, बनेपा, पथलैया, हेटौंडा, चितवन, मुग्लिन, धार्के, पोखरा, बर्दघाट, बुटवाल, भैरहवा, चन्द्रौटा, लमही, कोहलपुर, लम्की, अत्तरीया, महेन्द्रनगर र सुर्खेतमा चार्जिङ स्टेसन राखिँदैछ । काठमाडौंको साफा पुल्चोक, साफा बल्खु, विद्युत् प्राधिकरणको केन्द्रीय कार्यलय, हल्चोक र त्रिभवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि चार्जिङ स्टेसन जोडिँदैछ ।

करिब ३७ करोड लागतका चार्जिङ स्टेसन जोड्न लागिएको हो । चीनको वाङडेङ डिजिटल इनर्जीले ठेक्का पाएको यो आयोजनामार्फत थप १२ वटा चार्जिङ स्टेसन पनि जोडिने ज्ञवालीले जानकारी दिए । थप १२ चार्जिङ स्टेसन कहाँ रहने भन्ने टुंगो लाग्न बाँकी छ । यी चार्जिङ स्टेसन पनि जोडेपछि प्राधिरकणले ६३ स्थानमा चार्जिङ स्टेसन नेटवर्क निर्माण गर्नेछ । 'दशैंसम्म यी सबै स्टेसनहरु सञ्चालनमा आइसक्छन्,' ज्ञवाली भन्छन्, '५ वर्षसम्म ठेकदार कम्पनीले नै यी स्टेसनहरुको मर्मतसम्भार गर्छ, सञ्चालन र व्यवस्थापन हामी नै गर्छौं ।'

प्राधिकरणले बैंकिङ कार्ड र क्यूआर कोड स्क्यान गरेर भुक्तानी गर्न सकिने व्यवस्था गर्दैछ । 'चार्जिङ स्टेसनमा सवारी चार्ज गर्न प्रि-बुकिङ प्रणाली बनाएका छौं मुग्लिनमा सवारी चार्ज गर्न चाहानेले काठमाडौंबाट सवारी लिएर हिँडेपछि समय बुक गर्न सक्छन्' ज्ञावाली भन्छन्, 'यसको सबै कन्ट्रोल काठमाडौंको कन्ट्रोल रुमबाटै हुन्छ ।' -अनलाइनखबर

# मंसिर २ गते एकै चरणमा चुनाव गर्न प्रस्ताव



काठमाडौं/ निर्वाचन आयोगले आउँदो मंसिर २ गते प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव गर्न सरकारलाई सुझाव दिएको छ ।

बुधबार प्रधानमन्त्री शेरबहादुर देउवालाई चुनावको मितिबारे परामर्श दिन गएका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया सहितका पदाधिकारीहरुले मंसिर २ गतेका लागि चुनावको मिति तोक्न सुझाव दिएका हुन् ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले २ गतेका लागि चुनावको मिति तोक्क परामर्श दिएको र त्यसमा प्रधानमन्त्री सकारात्मक रहेको देशसञ्चारलाई जानकारी दिए । चुनावको मिति आयोगको परामर्शमा सरकारले तोक्ने कानुनी व्यवस्था छ । प्रमुख आयुक्त थपलियाले प्रधानमन्त्रीसँगको भेटबारे भने, 'हामीले मंसिर २ गते एकै चरणमा चुनावको मिति तोक्न प्रधानमन्त्रीलाई सुझाव दिँदै । उहाँ सकारात्मक हुनुहुन्छ ।'

आयोगका पदाधिकारीले चुनावको तयारीका लागि कम्तिमा १२० दिन (चार महिना) समय रहने गरी मिति तोकिदिन आग्रह गरेका थिए ।

जवाफमा प्रधानमन्त्री देउवाले आफू मंसिर पहिलो हप्तामै चुनाव गराउन तयार रहेको र तयारी अघि बढाउन आयोगका पदाधिकारीसँग आग्रह गरेका थिए । भेटमा गृहमन्त्री बालकृष्ण खाँण, सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र कानुनमन्त्री गोविन्द बन्दी पनि सहभागी थिए ।

बैठकमा सहभागी एक मन्त्रीले प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै भने, 'मंसिर ५ गतेभित्रै हुने गरी चुनावको मिति तोकिन्छ । मंसिर २ गते एक दुई दिन यताउता हुन सक्छ । तपाईंहरु तयारी थाल्नुहोस् ।' सरकारले असार मसान्तभित्रै चुनावको मिति घोषणा गर्ने तयारी गरेको छ । २०७४ सालमा मंसिर १० र २१ गते गरी दुई चरणमा चुनाव भए पनि यसपटक आयोग र सरकार एकै चरणमा चुनाव गर्न तयार भएका हुन् । -साभार: अनलाइनखबर

# जलश्रोतमा धनी देश नेपालले किन पानीको अभाव झेलिरहेको छ ?

काठमाडौं/ सिंगापुर नेपालमा झैं पानीको समस्या बेहोरिरहेको मुलुक हो । सिंगापुरको प्राकृतिक जलश्रोतमा पहुँच छैन तर नेपालमा भने प्रशस्त नदीहरू छन् । यहाँ हिमालयबाट हिमनदीहरू पग्लिएर प्रवाह भएको पानी र वर्षाले बढाउने जमिनमुनिको पानीको सतह पनि उपलब्ध छ । मैले भर्खरै काठमाडौंको यात्राको क्रममा पत्ता लगाए जस्तै नेपालको जलस्रोत तीव्र शहरीकरण, प्रदूषण र जलवायु परिवर्तनबाट खतरामा परेको छ । यस्तो समस्याले अहिले धेरै अन्य शहरहरूलाई पनि सताएको छ ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपीसीसी) ले फेब्रुअरी (२०२२) मा चेतावनी दिएको थियो । उक्त चेतावनीमा भनिएको थियो- पानीको अभाव, जसले यस अघिदेखि नै हरेक वर्ष कुनै न कुनै बिन्दुमा विश्वको आधा जनसंख्यालाई पिरोलेको छ, वर्षाको अनिश्चित ढाँचाले बाढी वा खडेरी जस्ता चरम घटनाहरूका कारण अझै प्रतिकूल हुन सक्छ ।

यस्तो सुख्खा अवस्थाले कृषि र जलविद्युत् आयोजनाबाट हुने ऊर्जा उत्पादनमा नकारात्मक असर पार्न सक्ने प्रतिवेदनले औंल्याएको छ । अहिले नेपालका संस्थाहरूले सिंगापुरका अन्वेषकहरू लगायत विभिन्न साझेदारहरूसँग मिलेर देशको जलस्रोत संरक्षण गर्न मदत गरिरहेका छन् ।

***पानीको सुरक्षामा खतरा***

काठमाडौं उपत्यकाबाट बग्ने प्रसिद्ध बाग्मती नदीलाई हिन्दू र बौद्ध धर्मावलम्बीहरूले पुज्दछन् किनभने यसको पानी पवित्र मानिन्छ । धेरै हिन्दू मन्दिरहरू यसको किनारमा अवस्थित छन्, र हिन्दूहरूलाई नदीको किनारमा दाहसंस्कार पनि गरिन्छ तर अहिले उक्त नदी सन् १९७० को दशकको भन्दा धेरै खराब अवस्थामा छ ।

यस महिनाको सुरुमा (जुन) नदीको भ्रमण गर्दा यसको जीवन आधारका रूपमा रहेको खोलामा जल सतह घटेर गतिहीन भैसकेको छ । नदी धमिलो एवं मैलो पानी, प्लास्टिक तथा कपडाका टुक्रा लगायत फोहोरले भरिएको देखिन्छ ।

प्रदूषणको कारण ? कंक्रिट, गलैंचालगायत उद्योगले त्यहाँ उत्पन्न फोहोर नदीमा फाल्ने र घरपरिवारले पनि फोहोर पानीमा फाल्ने गरेको स्वतन्त्र जलवायु परिवर्तन तथा जलाधार विज्ञ मधुकर उपाध्या बताउँछन् । ६८ वर्षीय उपाध्याले सम्झिए- 'त्यतिबेला, फोहोर व्यवस्थापन गर्ने कुनै नियम थिएन, र मानिसहरूले सोचेका थिए कि हामीसँग पर्याप्त पानी छ, त्यसैले हामीले सबै चीज सफा गर्न सक्छौं- यो सोचाइ त्यतिबेला एकप्रकारले सत्य पनि थियो किनभने जनसंख्या त्यति धेरै थिएन ।'

खोलामा लुगा धुने र नुहाउने गरेका उपाध्यायले १९६० र ७० को दशकमा काठमाडौं उपत्यकामा नगरमा खानेपानीको राम्रो व्यवस्था नभएकाले नदी नै मानिसको जीवनको महत्वपूर्ण हिस्सा भएको बताए । १९९० को दशकमा नेपालमा द्रुत शहरीकरण युगको आगमन भयो तर सन् २०११ सम्म ठोस र औद्योगिक फोहोर फाल्न निषेध गर्ने नियमहरू लागू भएनन् । त्यतिबेला पनि यो कुरालाई धेरै बेवास्ता गरिएको थियो ।

अहिले पनि काठमाडौंमा बस्दै आएका उपाध्यायले अहिले कठोर नियमले मानिसको मानसिकता परिवर्तन गर्न मदत गरिरहेको बताए । नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीको नानयाङ वातावरण र पानी अनुसन्धान संस्थान (नेउरी) द्वारा नदीको पानीमा नमूना जाँच गर्दा 'नदीका केही भागहरूको पानी मानव कोशिकाहरूका लागि अत्यधिक विषाक्त छ र त्यहाँ एन्टिबायोटिक सहित औषधिजन्य स्रावको असामान्य मात्रा छ जसले एन्टिबायोटिक प्रतिरोधी क्षमता बढाउन सक्छ भन्ने पत्ता लगाएको छ', नेउरीका कार्यकारी निर्देशक शेन स्नाइडरले भने- 'तर यो औषधी उत्सर्जनको स्रोत अज्ञात रहेको छ' ।

जलाधार विज्ञ उपाध्याले भने 'बाग्मती नदीले प्रदूषणहरूलाई हटाउने र प्राकृतिक रूपमा सफा हुने क्षमता गुमाएको छ ।' एक त बाग्मती नदीमा अहिले जलाधार घट्दै गएको छ । नदीको बहाव क्षेत्र आसपासमा खुला भूभाग मासिँदै गएकाले वर्षालाई जमिनको सहतमुनि भूमिगत पानीमा पुऱ्याएर बाग्मती जस्ता नदीमा पानीको स्रोत कम हुँदै गएको छ ।

उपाध्याले भने- 'जति-जति वर्षाको पानी जमिनमुनि जम्मा हुन्छ, जलाधार क्षेत्र त्यति नै सम्पन्न हुन्छ किनभने यसले सुख्खा मौसममा बागमतीजस्ता नदीहरूलाई पानी प्रदान गर्न सक्दछ' । उपत्यकामा तीव्र शहरीकरणले गर्दा विगत ४० वर्षमा उपत्यकाको ८० प्रतिशत भुइँ सडक र भवनमा प्रयोग भएको कंक्रिटले बन्द गरेको छ, जसले गर्दा वर्षाको पानी जमिनमा छिर्न असम्भव भएको उनले बताए ।

उनले भने 'वर्षाको पानी संकलन गरी भूमिगत जल सिर्जनामा योगदान दिने परम्परागत पोखरी लगायतका संरचना पनि अव्यवस्थित शहरीकरणका कारण मासिँदै गएका छन् ।' त्यसैगरी जलवायु परिवर्तनका कारण नेपालमा वर्षाको मात्रा पनि अनिश्चित बन्दै गएको छ ।

नेपालमा दिगो विकास र वातावरणीय न्यायका लागि काम गर्ने गैरसरकारी संस्था प्रकृति रिसोर्स सेन्टरका कार्यकारी निर्देशक जलवायु परिवर्तन विज्ञ राजु पण्डित क्षेत्रीले मनसुनको समयमा वर्षा बढी हुने गरेको बताए । यो मौसम सामान्यतया जुनको पहिलो हप्तामा सुरु भएर सेप्टेम्बरको सुरुसम्म लगभग तीन महिनासम्म रहन्छ ।

'अहिले के भइरहेको छ भने प्रायः एकै दिनमा धेरै ठूलो पानी पर्छ तर हप्ताको बाँकी समयमा सुख्खा मौसम हुन्छ'- क्षेत्रीले भने । साताभरी नियमित पानी पर्नु पर्नेमा त्यसको विपरीत भइरहेको छ । गत वर्ष अगस्टमा प्रकाशित आईपीसीसीको अर्को प्रतिवेदनले पानीको जीवन चक्र सघन हुँदै गइरहेको छ र ग्रहमा तापक्रम वृद्धि हुँदै जाँदा थप सघन हुँदै जानेछ भनेर चेतावनी दिएको थियो । यसको मतलब भविष्यमा तापमान वृद्धिसँगै चरम वर्षा र चरम सुख्खाको अवस्था आउन सक्छ । प्रतिवेदन अनुसार भारी वर्षाले पनि थप विनाशकारी प्रभावहरू निम्त्याउन सक्दछ । जस्तै, किसानहरूमा बाली नोक्सान र देशका विभिन्न क्षेत्रमा पहिरो र बाढी आउन सक्छ । साथै, कुनै समयमा वर्षाको कमी हुन सक्छ, जबकि कुनै समयमा अत्यधिक वर्षाका कारण विनाशकारी परिणामहरू निम्त्याउन सक्छ ।

***समाधान***

सिंगापुरले उसले सामना गर्दै आएको पानी अभावको समस्या समाधानका लागि महँगो पूर्वाधार निर्माण गरेका छ । उदाहरणका लागि उपयोग गरिसकिएको पानी प्रशोधन तथा निर्मलीकरण र समुद्रको पानी शुद्धीकरण प्लान्टलाई लिन सकिन्छ तर विज्ञहरू भन्छन् कि यस्ता उपायहरू नेपालका लागि त्यति उपयुक्त नहुन सक्छन् किनभने ती जलवायु परिवर्तनसँग अनुकूल हुँदैनन् ।

उदाहरणका लागि, नेपाल सरकारको पहलमा निर्माण गरिएको मेलम्ची खानेपानी आयोजना निर्माण गर्न दुई दशकभन्दा बढी समय लागेको थियो, जुन मेलम्ची नदीबाट दैनिक करिब १७ करोड लिटर स्वच्छ पानी २६ किलोमिटर लामो सुरुङमार्फत काठमाडौंसम्म पुऱ्याउने गरी डिजाइन गरिएको थियो ।

यसले काठमाडौंको दैनिक खानेपानीको मागको आधाभन्दा कम हिस्सालाई सम्बोधन गर्छ तर यो सञ्चालन गरिएको केही महिना पछि नै अप्रत्याशित रूपमा भएको भारी वर्षाका कारण पहिरोले गत वर्ष जुन १५ तारिकामा पानी आउने सुरुङमा ठूलो क्षति पुऱ्यायो । यस्तै घटना हुन नदिन यस वर्ष मनसुनअघि नै सुरुङमार्ग बन्द गरिएको थियो । -साभार: इकागज

## एकै दिन ११३ जनामा संक्रमण पुष्टि

काठमाडौं/ ओमिक्रोन भेरियन्टको नयाँ सब भेरियन्ट पुष्टि भएसँगै नेपालमा दिनानुदिन कोरोनाभाइरसको संक्रमण बढ्दै गएको छ । पछिल्लो २४ घण्टामा ११३ जनामा संक्रमण पुष्टि भएको हो ।

२ हजार ७२४ जनाको परीक्षण गर्दा पीसीआर विधिबाट ९० र एन्टिजेन विधिबाट २३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यही अवधिमा थप २० जना संक्रमणमुक्त भएका छन् । योसँगै देशभर सक्रिय संक्रमितको संख्या ४७१ पुगेको छ । पछिल्लो २४ घण्टामा थप ९४ हजार ४० जनाले कोरोनाविरुद्धको खोप पनि लगाएका छन् । -साभार: रातोपाटी

## हवाई भाडा बढ्यो

काठमाडौं/ नेपाल वायुसेवा सञ्चालक संघले हवाई भाडादर वृद्धि गरेको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेसँगै हवाई सञ्चालक संघले नयाँ भाडादर सार्वजनिक गरेको हो । निगमले हवाई इन्धनको मूल्य प्रतिलिटर ५ रुपैयाँले वृद्धि गर्दै १९० रुपैयाँ कामय गरेको छ ।

संघका अनुसार नयाँ भाडादर आजबाट लागु हुनेछ । वृद्धि भएको भाडादर अनुसार अब काठमाडौंदेखि सबैभन्दा लामो दुरीमा रहेको धनगढी विमानस्थलसम्मको भाडा २२० रुपैयाँले बढेर १७ हजार २५ रुपैयाँ कायम गरिएको छ । माउन्टेन फ्लाइटमा १७० रुपैयाँ बढेको छ । अब काठमाडौंदेखि माउन्टेन फ्लाइटको भाडादर १४ हजार ८९० रुपैयाँ पर्छ । त्यस्तै अन्य ठाउँको पनि दुरीको हिसाबले बढाएका छन् । - साभार: सेतोपाटी

## छानबिन समितिलाई सहयोग गर्न राजीनामा दिएको हुँ: *अर्थमन्त्री शर्मा*



काठमाडौं/ अर्थमन्त्री जनार्दन शर्माले संसदीय छानबिन समितिलाई मद्दत गर्नको लागि अर्थमन्त्रीको पदबाट राजीनामा दिएको स्पष्ट पारेका छन् ।

संसद बैठकमा राजीनामा दिएको घोषणापछि संसद भवन परिसरमा पत्रकारहरुसँग कुराकानी गर्दै शर्माले यस्तो बताएका हुन् । उनले आफूले बजेट निर्माण गर्दा कुनैपनि गल्ती नगरेको दोहोर्याउँदै प्रश्न उठेको विषयको सत्यतथ्य बाहिर ल्याउन मद्दत गर्ने बताए ।

उनले स्थापित मूल्य, मान्यता, विधि, पद्धतिका आधारमा बजेट प्रस्तुत र निर्माण गरेको उल्लेख गरे । उनले भने, 'मैले केही गल्ती गरेको छैन । जे विषय उठेको छ । त्यो विषयको सत्यतथ्य बाहिर ल्याउन मद्दत पुगोस् भनेर मैले राजीनामा दिएको छु । छानबिन हुन्छ, छानबिनले ल्याएका कुराहरु जनतासमक्ष आउँछ । सत्यतथ्य जनतासमक्ष आउँछ । मैले गरेको आत्मविश्वास के हो भन्ने कुरा त्यतिबेला प्रष्ट हुन्छ ।

छानबिन समितिलाई सजिलो पार्न छानबिनलाई मद्दत गर्न, सत्यतथ्य संसदसमक्ष ल्याउनका लागि मैले राजीनामा दिएको हो । मैले बजेट निर्माण गर्दा कुनैपनि गल्ती गरेको छैन । स्थापित मूल्य, विधि, पद्धतिका आधारमा बजेट प्रस्तुत र निर्माण भएको छ । जुन किसिमले विषय उठाइएको छ, त्यसले आम जनतामा भ्रम परेको छ । भ्रम निवारण छानबिनबाट हुनेछ ।'

अर्थमन्त्री शर्माले बजेट निर्माणमा अनैतिक काम भयो भनेर जनतामा भ्रम सिर्जना गर्ने काम भएकाले छानबिन पछि जनतामा भएको भ्रम हट्ने विश्वास व्यक्त गरे । प्रतिनिधिसभामा सम्बोधन गर्दै शर्माले बुधबार राजीनामाको घोषणा गरेका थिए ।

*-साभार: रातोपाटी*

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, बिजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।

सम्पर्कः ९८४५०७१०६५, ९८४५२९०३९१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# कुलेखानीमाथि २० करोड खर्चेर साहसिक खेलको हब बनाइने

साझाकुरा संवाददाता

काठमाडौं, २२ असार/ कुलेखानी जलाशयमाथि जिप लाइन निर्माण हुने भएको छ । नेपालमै पहिलोपटक बिशाल जलाशयमाथि जिप लाइन निर्माण हुन लागेको हो ।

काठमाडौंबाट छोटो दुरीमा रहेको मकवानपुरको पर्यटकीय स्थल कुलेखानीमा साहसिक खेल जिप लाइनसँगै मोटरबोट सेवा दिने गरी कुलेखानी एडभेन्चर्सले काम अघि बढाएको छ ।



आन्तरिक तथा बाफय पर्यटकहरुलाई लक्षित गरी कुलेखानी इन्द्रसरोवरमा ३ सय ५० मिटर लामो जिप लाइन सञ्चालन गर्न लागिएको कुलेखानी एड्भेञ्चरस् प्रालिका सञ्चालक राजकुमार बलामीले जानकारी दिए । तीन जना सञ्चालकहरु रहेको उक्त जिप लाइन ५ करोड रुपैयाँ लगानीमा बन्न लागेको हो । यस एड्भेञ्चर्सको मुख्य आकर्षण भनेको ताल माथि बाट जाने जिप लाइन रहेको बलामीले बताए ।

यो जिप लाइनले थाहा नगरपालिका र इन्द्रसरोवर लाई जोड्ने छ । यी ठाउँका आन्तरिक पर्यटकलाई जिप लाइनको अनुभव लिन टाढा जानु पर्ने छैन ।

आन्तरिक पर्यटनका लागि चल्तीको ठाउँ कुलेखानी जाने पर्यटकले अब भने जलाशयको माथिबाट जिपलाइन यात्रा गरेर छुट्टै अनुभव लिन पाउने बलामीको भनाइ छ । यो एउटा साहसिक खेल भएकाले युवा पुस्तामा लोकप्रिय हुने उनको अपेक्षा छ । साथै यसले आन्तरिक तथा बाफय पर्यटकलाई पनि छुटै आनन्द प्रदान गर्नेमा उनी विश्वस्त छन् । सुरुवातमा ५ करोड रुपैयाँ लगानीमा जिप लाइन मात्रै शुरु गरेपनि ५ वर्ष भित्र २० करोड रुपैयाँ लगानी गरेर धेरै साहसिक खेल शुरु गर्ने बलामीले बताए ।

यस एड्भेन्चर्समा जिप लाइनका साथै कपथ दचष्मनभ, फ्रि फल पनि बन्ने भयेको छ । पानीमा खेलीने अन्य साहसिक खेल पनि र हेकाले यहाँ घुम्न आउने पर्यटकहरुले धेरै थरी अनुभव लिन सक्ने उनको भनाइ छ ।

त्यसैगरी यो एड्भेन्चर्समा रेस्टुरेन्ट, कफी हाउसका साथै बच्चाहरूका लागि चिल्ड्रेन गार्डेन पनि बन्ने सञ्चालक बलामीले बताए । यो एड्भेन्चरस् हब संचालन गर्नुको मुख्य उद्देश्य एड्भेन्चर मन पराउने हरुका लागि एकै ठाउँमा धेरै थरीको अनुभव दिइरहेको उनले बताए । दोस्रो चरणमा यहाँ कपथ साइक्लिङ र जाएन्ट स्विङ(swing) पनि शुरु गर्ने उनले बताए ।

अहिले यो करीब चार रोपनी क्षेत्रफलमा फैलिएको भएपनि पछि अन्य खेल थपिँदा थप क्षेत्रफल चाहिने छ । 'यसको मुख्य आकर्षण भनेको यो थाहा नगरपालिका र इन्द्रसरोवर गरी दुई ओटा पालिकालाई लक्षित गरेर बनाएका छौ ।

थाहा नगरपालिकाको टिस्टुङ, पालुङ र दामन र इन्द्रसरोवरको मार्खु र कुलेखली क्षेत्रमा डोमेस्टिक टुरिजम एकदमै धेरै बढिरहेको छ । यो थाहा नगरपालिका र इन्द्रसरोवरमा दैनिक ५ हजार देखि ६ हजारसम्म आन्तरिक पर्यटकहरू आउँछन् । त्यसैले यो आन्तरिक पर्यटकलाई मध्यनजर गर्दै सञ्चालन गर्न लागिएको हो ।' बलामीले भने ।

उनका अनुसार अबको ६ महीना भित्रमा जिप लाइन र फ्रि फल सञ्चालनमा आउने छ । बाँकी साहसिक खेल भने बिस्तारै आउने उनले बताए । उनका अनुसार अबको ५ वर्ष भित्रमा १५ देखि २० करोड रुपैयाँ खर्च गरेर एउटा राम्रो एड्भेन्चर मभकतष्लबतष्यल बनाउने योजना छ । उक्त आयोजनाले शुरुमा त्याहाँ १७ देखि २० जनालाई रोजगारी दिने उनले बताए ।

जिपलाईन, क्याफे, रेस्टुरेन्ट र फ्रि फल हरुमा शुरुवाती चरणमा २० जनासम्मलाई रोजगारी उपलब्ध गराउने उनीहरुको उदेश्य रहेको छ । यहाँ पर्यटकिय गतिविधि बढ्दै गएपछि थप रोजगारी प्रदान गर्ने पनि उनले बताए ।

उक्त ठाउँको वातावरण तथा पर्यावरण नबिगारी आन्तरिक पर्यटनलाई प्रचार गर्नु हाम्रो उद्देश्य रहेको छ । उन्ले आर्थिक अभियानसँग भने । अहिले वातावरण र स्थलको अध्ययन भइरहेको छ । उक्त काम सकिए पछि यो एड्भेन्चर हब बनाउन शुरु गर्ने छौ ।

नेपालमा धेरै ठाउँमा जिप लाइन सञ्चालनमा रहे पनि बिशाल जलाशयमाथि सञ्चालन हुने यो नेपालकै पहिलो जिप लाइन भएको बलामीको दाबी छ । जलाशयमाथि जिप लाइन यात्रा गर्दा धेरै रोमाञ्चक हुने उनको विश्वास छ । धुलिखेल र पोखरामा रहेका जिप लाइनहरु डाँडाको माथि बाट छन् भने त्रिशूली जिप लाइन खोलाको माथिबाट सञ्चालन गरिएको छ । तर कुलेखानी जिप लाइन भने बिशाल जलाशयको माथिबाट सञ्चालन गर्न लागिएको हो । *- आर्थिक अभियानबाट*



**निर्माणको अन्तिम चरणमा पाउडर प्लान्ट:** हेटौंडा-१०, सिसौघारीमा निर्माणधीन दुग्ध पाउडर प्लान्ट । बागमती प्रदेश सरकारले पाउडर प्लान्ट निर्माण गरिरहेको हो । दैनिक ५० हजार लिटर दूधबाट ५ मेट्रिक टन पाउडर उत्पादन गर्ने क्षमताको प्लान्ट निर्माण भइरहेको हो । प्लान्ट आगामी दुई महिनाभित्र निर्माण भइसक्ने प्रदेश सरकारले जानकारी दिएको छ । *तस्बिर: साझाकुरा*

# 'अ ब्रान्डेड मोबाइल सप' उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडामा अ ब्रान्डेड मोबाइल सप उद्घाटन गरिएको छ । युवा व्यवसायी दीपक तिवारी र गोविन्द बजगाईले बुद्धचोकमा मोबाइल पसल सञ्चालनमा ल्याएका हुन् ।

नेपाली कांग्रेसका सभापति बुद्ध लामाले बुधवार अ ब्रान्डेड मोबाइल सपको रिबन काटेर पसलको उद्घाटन गरेका हुन् । सभापति लामाले युवा व्यवसायीहरु मिलेर स्वदेशमै स्वरोजगार मूलक उद्यम सञ्चालन गर्नु उदाहरणीय कार्य भएको धारणा राखे । युवाहरुलाई स्थानीय क्षेत्रमै रोजगारीको अवसर सिर्जना गर्ने सन्दर्भमा कांग्रेसले पहल गरिरहेको लामाको भनाई छ । उनले युवाहरुलाई स्वरोजगारमुलक गतिविधि सञ्चालन गर्न आग्रह पनि गरेका छन् । रोजगारीका लागि विदेशी मुलुक जाने बाध्यतालाई हटाउन स्वदेशमै स्वरोजगार मुलक उद्यम सञ्चालन गर्नुपर्नेमा उनको जोड थियो । उद्यम गर्न चाहने युवाहरुलाई सिप क्षमताको विकास गराउन सरकारले विशेष नीति ल्याउनु पर्ने लामाले बताए ।

करिब ५० लाखको लगानीमा व्यवसायी तिवारी र बजगाईंले पसल संचालनमा ल्याएका हुन् । पसलमा आइफोन र एन्ड्रोएड फोनहरु तथा विभिन्न इलेक्ट्रोनिक सामानहरु पाइनुको साथै मर्मत गर्ने कार्य पनि सुरु गरिएको संचालक तिवारीले बताए । कार्यक्रममा कांग्रेस मकवानपुरका सहसचिवद्धय ताराचन्द्र बजगाई र इन्दिरा न्यौपानेलगायतको आतिथ्यता थियो ।

# मकवानपुरका चार जनामा कोरोना संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरमा थप चार जनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

कोरोना संक्रमणले विगत दुई वर्षदेखि आक्रान्त बनाइरहेको नेपाली समुदायमा कोरोनाले त्रास कायमै छ । पछिल्लो २४ घण्टामा १४ जनामा गरिएको पीसीआर परीक्षणमा थप ४ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कोरोना संक्रमण सम्बन्धि दैनिक रिपोर्टमा बुधवार दिउसो २ बजेसम्म ४ जना संक्रमित थपिएका हुन् भने २ जना संक्रमण मुक्त भएका छन् । मकवानपुरमा हाल १९ जना सक्रिय संक्रमित उपचारत रहेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

बुधवार भेटिएका चार जना नयाँ संक्रमित सबै हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । मकवानपुरमा हालसम्म कोरोना संक्रमणबाट १७ हजार ८ सय ७६ जना संक्रमित भएका छन् । जसमध्ये संक्रमणका कारण १ सय ७१ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

# खाद्य सुरक्षा सम्बन्धि कार्यशाला




साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडामा बागमती प्रदेशस्तरीय एक दिवशीय खाद्य सुरक्षा सम्बन्धि कार्यशाला गोष्ठि भएको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल लाइभस्टक इन्भेसनको आयोजनामा कार्यशाला भएको हो । बागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछाने कार्यशालाको उद्घाटन गरे । बागमती प्रदेश र मकवानपुरका विभिन्न क्षेत्रका बाख्रा पालक, दुग्ध उत्पादक, कुखुरा तथा अण्डा उत्पादक किसानहरुको सहभागिता थियो । कार्यक्रममा खाद्य सुरक्षा सम्बन्धि कार्यपत्र प्रस्तुत गरिएको थियो ।

आयोजना समन्वय प्रमुख डाक्टर बिदुर प्रसाद गौतमको अध्यक्षतामा भएको कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका योजना महाशाखाका प्रमुख झलकनाथ कँडेल, हेटौंडा उपमहानगरपालिकाका आर्थिक महाशाखाका प्रमुख गंगा चौलागाईं, बागमती प्रदेश विश्व खाद्य कार्यक्रमका संयोजक राजु क्षेत्री, नेपाल बाख्रा पालक संघ बागमती प्रदेशका संयोजक गोविन्द सुवेदीलगायतको आतिथ्यता थियो ।

# पालिकाबाट सञ्चालित योजना अनुगमन वडाबाटै



साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ जिल्लास्थित उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाले १० लाख सम्मको योजना अनुगमनको अधिकार वडा तहलाई सुम्पिएको छ ।

संविधानत: पालिकाबाट सञ्चालित योजनाको अनुगमन उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा रहने अनुगमन समितिबाट हुँदै आएकोमा अब थाहा नगरपालिकाभित्र वडा तहबाटै योजना अनुगमन हुने भएको हो । स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ (ख) मा उप्रमुखको काम कर्तव्य र अधिकारअन्तर्गत् उक्त दफा १६ (ख) ५ मा 'योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने व्यवस्था छ । तर, थाहा नगरपालिकाले २० असारमा सबै वडा कार्यालयहरुलाई परिपत्र गरेर वडाबाटै अनुगमन गर्न अधिकार प्रत्यायोजन गरेको छ ।

थाहाले उपप्रमुखको अनुगमन गर्ने अधिकार वडास्तरीय अनुगमन समितिलाई प्रत्यायोजन गरिएको हो । वडास्तरीय अनुगमन समितिले वडामा संचालन भएको १० लाखसम्मको योजना अनुगमन गरी प्रतिवेदन पेश गर्ने र १० लाख माथिको योजना उपप्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय अनुगमन समितिले गर्ने भनिएको छ । २०७४ पछि स्थानीय तह कार्यानवयन पश्चात थाहा नगर पालिकाका उपप्रमुखले अनुगमन सम्बन्धी कार्य गर्दै आएका थिए । नगरपालिकाले वडास्तरीय अनुगमन समितिको ढाँचा पनि परिपत्रमा उल्लेख गरी वडामा पठाएको छ ।

थाहा नगरपालिकाले यसअघि योजना सम्पन्न भएपछि अनुगमन नहुन्जेलसम्म उपभोक्ता समितिले योजना सम्झौताको १० प्रतिशत रकम पाउन्थेनन् । र, अनुगमन भएपछि मात्र उक्त रकम पाउने व्यवस्था गरिएको थियो । वडास्तरीय योजना तथा कार्याक्रम तर्जुमा र अनुगमन गर्ने अधिकार वडा समितिलाई हुने स्थानीय सरकार सञ्चालन ऐनको दफा१२ मै उल्लेख गरिएको छ । त्यसोत: ऐनको दफा १८ मा नगर प्रमुख तथा उपप्रमुखले आफ्नो अधिकार आफू अन्तर्गतका समिति, उपसमिति, प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था छ ।

सोही व्यवस्थामा टेकेर थाहाले वडालाई अनुगमनको अधिकार प्रत्यायोजन गरेको हो । परिपत्रमा उल्लेख भएनुसार अनुगमन समितिको संयोजक सम्बन्धित वडाको वडाध्यक्ष, एक महिलासहित २ जना वडा सदस्य, वडाको प्राविधिक सदस्य र वडा सचिव अनुगमन समितिको सदस्य सचिव हुने व्यवस्था छ ।

# जंगली च्याउ नखान स्वास्थ्य मन्त्रालयको आग्रह




काठमाडौं/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जंगली च्याउ नखान आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा.संगीता कौशल मिश्राले बुधबार आयोजित प्रेस ब्रिफिङमा जगली च्याउ विषालु हुने भएकाले नखान आग्रह गरेकी हुन् ।

बर्खायाममा जंगलहरूमा पाइने च्याउहरू विषालु हुने भएकाले खान नहुने उनको भनाइ छ ।

जंगलको विषालु च्याउ खाँदा गम्भीर बिरामी पर्नुका साथै ज्यानै जान सक्ने भएकाले खान नमिल्ने उनले बताइन् ।

जंगली च्याउ पकाएर, पोलेर खाँदा विष कम नहुने हुँदा नखान उनको सुझाव छ । जंगली च्याउन खाएर विभिन्न स्थानमा सर्वसाधारण बिरामीदेखि मृत्यु हुने सम्मका घटना हुने गरेका छन् ।

*-साभार: रातोपाटी*

# नारायणी संघद्वारा प्रजिअ पाण्डेको स्वागत




साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुरको प्रमुख जिल्ला अधिकारीको रुपमा भर्खरै सरुवा भएर आएका राजेन्द्र देव पाण्डेलाई पुरानो नारायणी संघ कम्पनीले स्वागत गरेको छ ।

संघका अध्यक्ष हिरालाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा यातायात व्यवसायीहरुको वर्तमान समस्याका बारेमा छलफल समेत भएको थियो । प्रमुख जिल्ला अधिकारीको तर्फबाट आगामी दिनमा आइपर्ने यातायात व्यवसायीको समस्यालाई समाधान गर्ने अध्यक्ष श्रेष्ठले आग्रह गरेका थिए । प्रमुख जिल्ला अधिकारी पाण्डेले जिल्लाको समग्र विकास तथा हेटौंडा बजारको पार्किङको समस्या समाधानलगायतको विषयमा यातायात व्यवसायीसँग छलफल तथा सुझाव अनुसार अघि बढ्ने बताएका थिए ।

कार्यक्रममा महासचिव सरोजकुमार खनाल, निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाई लगायत संघका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति थियो ।

# अर्थ मन्त्रालय अब प्रधानमन्त्रीले नै सम्हाल्ने

काठमाडौं/ अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिएपछि अब अर्थ मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री शेरबहादुर देउवाले नै सम्हाल्ने भएका छन् ।


बुधबार प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै शर्माले अर्थमन्त्रीबाट राजीनामा दिएको घोषणा गरेका थिए ।

त्यसपछि अर्थ मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री देउवाले आफैंसँग राखेका हुन् ।

बुधबार साँझ राष्ट्रपति कार्यालयले एक विज्ञप्ति जारी गरी प्रधानमन्त्रीले अर्थ मन्त्रालयको जिम्मेवारी आफैं मातहत राखेको जानकारी दिएको छ । - साभार: अनलाइन



६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस फाईनान्स सुविधासहित बिक्रीमा
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९




गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना